शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

सानोठिमी, भक्तपुर

(प्रशासकीय सुधार शाखा)

पत्र संख्याः ०७९/८०/शा.सु.

च.नं. ८४

मितिः २०७९।११।१४

विषयः आवश्यक कारवाही सम्बन्धमा।

श्री शिक्षा विकास तथा समन्वय इकाई,
सबै।

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको प.सं. ७९/८०, च.नं. ७३५, मिति २०७९।११।०२ को पत्र यस केन्द्रमा प्राप्त भएको छ।

पत्रमा उल्लेख भए अनुसार नेपाल सरकारको संस्था दर्ता सम्बन्धी नियमको पालना नगरी बाल शिक्षक संस्थाका नामबाट देशका विभिन्न स्थानहरुमा विविध कार्यक्रम गर्ने र त्यसका लागि प्रति व्यक्ति रकम समेत उठाउने गरेको भन्ने विषयको गुनासो रहेको।

उल्लेखित गुनासोको विषयमा स्थानीय तहसँग समेतका आधारमा समन्वय गरी छानविन तथा आवश्यक कारवाही गर्न तथा सो विषयको जानकारी यस केन्द्रलाई गराई दिनु हुन आदेशानुसार अनुरोध छ।

२०७९।११।१४

(विजया सत्याल)
शाखा अधिकृत

बोधार्थः

श्री श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
टङ्गाल, काठमाडौं।

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,
सिंहदरबार।

(महाशाखा न. १)

पत्र संख्या :- १(शिक्षा)१(क)-१८२/०७९/८०
चलानी नं. :- शिक्षा-३४५०३

मिति:- २०७९।१०।२०

बिषय:- आवश्यक कारबाहीको लागि उजुरी पठाइएको।

श्रीमान् सचिवज्यू,
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय,
सिंहदरबार, काठमाडौं।

यस आयोगमा दर्ता हुन आएको उजुरी दर्ता नं. C-०३७३५५, मिति २०७९।१०।१० को उजुरीको प्रतिलिपि समेत पाना ३ (तीन) यसै पत्रसाथ संलग्न रहेको छ। प्रस्तुत उजुरीको सम्बन्धमा "अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम ९ अनुसार छानबिन तथा आवश्यक कारबाहीको जानकारी आयोगमा समेत उपलब्ध गराउनुहुन भनी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिवलाई लेखी पठाई प्रस्तुत उजुरीलाई आयोगबाट लगत कट्टा गर्ने" भनी आयोगको मिति २०७९।१०।१९ मा निर्णय भएकोले आवश्यक कारबाहीको लागि तहाँ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(जयराम गजुरेल)
शाखा अधिकृत

श्रीमान् अनुसन्धान अधिकृत ज्यू,

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टंगाल,नेपाल

विषय:-छानवि

उपरोक्त सम्बन्धमा विगत मिति २०५६ साल देखि मिति २०७२ साल सम्ममा वाल[illegible] शिशु कार्यकर्ता संघर्ष समिति केन्द्रिय अध्यक्षमा र २०७५ सालदेखि २०७९ साल सम्म वालविकास शिशु कार्यकर्ता संघर्ष समिति चितवनको अध्यक्षमा रहि भरतपुर महानगरापलिका चितवनको वालशिक्षक वसन्त कुमारी चौधरी र मिति २०७२ देखि २०७९ सम्म नेपाल वालविकास शिक्षक केन्द्रिय समितिको अध्यक्षमा वालशिक्षक कृष्णकुमारी थापामगर लगायतकाले उक्त मितिसम्ममा वालशिक्षक संस्था नाममा विविध कार्यक्रमहरु केन्द्र, प्रदेश, जिल्ला पालिकाहरु सबैमा अन्तरक्रिया कार्यक्रम अधिवेशन भेला जस्ता कार्यक्रमहरु गर्दै आएकामा ती कार्यक्रमहरु संचालन गर्ने क्रममा नेपाल भरिका ३६,८०० वालशिक्षकहरुको नामवाट प्रतिव्यक्ति रु.५००/-रु. १०००/-का दरले उक्त कार्यक्रम खर्च भनि उठाई रहेको देखिएकोमा सो संस्थाको व्यानर नेपाल सरकारको संस्था दर्ता सम्बन्धि निति नियमलाई पालना नगरी (विधान दर्ता नगरेको) देखिएकोमा उक्त व्यक्तिहरु माथि छानविन गरी नियम अनुसार कारवाही गराई पाऊँ भन्ने हजुर समक्ष यो निवेदन पेश गर्दछौं ।